"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नं.:- राजस्व प्र.शाखा ०७५।०७६

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५-०५-१९

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा आर्थिक ऐन,२०७५ अनुसार यस नगरपालिकाले उठाउन पाउने कर, दस्तुर, सेवा शुल्क र विक्री मुल्य आ.व. ०७५/७६ का लागि स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरे बमोजिम देहायका आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले व्यक्ति, फर्म वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न १५(पन्द्र) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

### ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | (भ्याट बाहेक) न्यूनतम ठेक्का अंक ( सम्झौता भएको मिति देखि २०७६।३।३२ सम्मको) | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम म्याद | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| 1 | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), प्रदेश नं.१ को आर्थिक ऐन २०७५ को दफा ६ र अनुसूची ४ र भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७५ को दफ १३ र अनुसूची १३ अनुसार भद्रपुर नगर अन्तर्गत बहने ***मेची नदी*** खोलाबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने नदजिन्य निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य कर । | रु.२०,०६,३३३।०० | रु.१०००।०० | २०७५।६।१२ | २०७५।६।१४ दिनको १२.०० | २०७५।६।४ दिनको २.०० पछि |
| 2 | थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), प्रदेश नं.१ को आर्थिक ऐन २०७५ को दफा ६ र अनुसूची ४ र भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७५ को दफ १३ र अनुसूची १३ अनुसार भद्रपुर नगर अन्तर्गत बहने ***हल्दिया*** खोलाबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने नदजिन्य निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं विक्री मूल्य कर | रु.६,३५,६७०।०० | रु.३००।०० | २०७५।६।१२ | २०७५।६।१४ दिनको १२.०० | २०७५।६। ४ दिनको २.०० पछि. |

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००५५. Fax: 00977-23-520781
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०२५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), प्रदेश नं.१ को आर्थिक ऐन २०७५ को दफा ६ र अनुसूची ४ र भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७५ को दफ १३ र अनुसूची १३ अनुसार भद्रपुर नगर अन्तर्गत बहने ***निन्दा*** खोलाबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने नदजिन्य निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं बिक्री मूल्य कर | रु.६,२५,७३८।०० | रु.३००।०० | २०७५।६।२ | २०७५।६।४ दिनको १२.०० | २०७५।६। ४ दिनको २.०० पछि |
| 4 | थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), प्रदेश नं.१ को आर्थिक ऐन २०७५ को दफा ६ र अनुसूची ४ र भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७५ को दफ १३ र अनुसूची १३ अनुसार भद्रपुर नगर अन्तर्गत बहने ***देवनिया*** खोलाहरुबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने नदजिन्य निर्माण सामाग्रीको उत्खनन/संकलन घाटगद्दी एवं बिक्री मूल्य कर | रु.९,५३,५०५।०० | रु.३००।०० | २०७५।६।२ | २०७५।६।३ दिनको १२.०० | २०७५।६। ४ दिनको २.०० पछि |

**शर्तहरु** :

१)कार्यालयबाट बोलपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र, २०७३/७४ को कर चुक्ता प्रमाण पत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२) खरिद भएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६(सोह्रौं) दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गर्न सकिनेछ । साथै कुनै बोलपत्र दाताले आफुले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै निवेदन पेश गर्नु पर्नेछ । धरौटी रकम प्रत्येक ठेक्काको लागी छुटा छुट्टै रुपमा समावशे गर्नु पर्छ

३)आन्तरिक आयको ठेक्का स्वीकृत भए पश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार कबोल अंकको मूल्य अभिवृद्धि कर (VAT हाल १३ प्रतिशत) समेत बुझाउनु पर्नेछ ।

४)वोलपत्र फारामहरु माथि उल्लेखित समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समय भित्र पर्न आएका वोलपत्रहरु दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि वोलपत्रदाता वा

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc



Scanned by CamScanner

निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

५)वोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा मात्र दाखिला गर्नुपर्नेछ ।

६)वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा. वा. वैंक भद्रपुर स्थित च.हि.नं.२२१०३०३००७१०३ (कार्यालयको कोड नं.०४-३६५-१४) धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

७)वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

८)बोलपत्र स्वीकृत भैसकेपछि वोलपत्र कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ । सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टास भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मन्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो वोलपत्र कवोल गर्ने व्यक्तिलाई निजहरुको बोलपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ । निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मन्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयबाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

९)ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ । बराबर अंक कबोल भई किस्ता बन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिई नगरपालिकाले निर्णय गर्नेछ ।

१०)किस्ताबन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै कवोल अंकको ५० % वुझाउनु पर्नेछ । त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको २५ % रकम मंसिर मसान्त र तेस्रो किस्ताको २५ %रकम फाल्गुण मसान्त भित्र वुझाउनु पर्नेछ ।

११)किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ । किस्ता रकम वुझाउन म्याद नाघेको १५ दिन सम्ममा पनि रकम नवुझाएमा अन्तिम चेतावनी स्वरुप पुनः १५ दिनको म्याद दिई जरिवाना सहित रकम वुझाउन जानकारी गराइने छ । सो म्यादमा पनि बुझाउनु पर्ने रकम ठेकेदारले नवुझाएमा कार्यालयले ठेक्का तोडी वैकल्पिक व्यवस्था गर्न सक्ने छ।

१२)ठेकेदारसंग ठेक्का सम्झौता गर्दा एकमुष्ट रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्ताबन्दी बुझाउनेको हकमा पहिलो किस्ता बुझाएको रकम वाहेक दोस्रो र तेस्रो किस्ताको वुझाउन वाँकी रकम वरावरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको २०७६ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) वा ठेक्काको दोस्रो र तेस्रो किस्ताको हुन आउने रकम नगदै पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ । ठेक्का रकम एकमुष्ठ नबुझाई किस्तामा बुझाउने ठेकेदारले बांकी रकमको बैंक ग्यारेण्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अंक चुक्ता हुने गरीको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१३)ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ।

१४)भद्रपुर नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

१५)ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई

F:\Taxdepartment\Thekka_sambandhi\ठेक्का सुचना २०७५।७६.doc

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

१ नं. प्रदेश, नेपाल

पत्र संख्या:-

चलानी नं.:- राजस्व प्र.शाखा ०७५।०७६

बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

१६)ठेक्का अवधिका सम्बन्धमा उत्खनन, संकलन तथा विक्री वितरण २०७५।७६ को सम्झौता भएको मिति देखि २०७६ जेष्ठ मसान्तसम्मको हुनेछ । तर २०७६ आषाढ महिना भर खोलाहरुबाट उत्खनन गर्न पाईने छैन साथै उत्खनन भएको सामान विक्री वितरण गर्न प्रतिवन्ध लगाईने छैन ।

१७)विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको **US** (उत्तर) मा ५०० मिटर र **DS** (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोला किनारको दुबैपट्टि १५/१५ मिटर किनारा (edge) छाडी तथा नगरपालिकाबाट स्वीकृत लिएर मात्र २०७५ साल मंसिर महिना पछाडि मात्र मेसिनरी उपकरण जस्तै स्क्याभेटर आदि प्रयोग गरी स्वीकृत IEE प्रतिवेदन र नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोके भन्दा गहिरो नहुने गरी सोभित्रबाट मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ । साथै महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात् खोला बगेको ठाउंमा नम्बरी परेमा, मठ मन्दिर, पुल पुलेसा, संरक्षण स्थल, समाधी स्थल आदि ठाउंहरु परी निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नु पर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नांका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

१८)नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन विवरण देहाय बमोजिम छ ।

| सि.न. | नदि | घाट/ स्थान | परिमाण घ.मि. | जम्मा परिमाण घ.मि. |
|---|---|---|---|---|
| १ | मेचि | देवीं बस्ती क्षेत्र (निर्मानाधिन मेचीपुल ५०० मि. उत्तर) | १०००० | २५२५० |
| | | आँप गाछी | २२५० | |
| | | बाचक बस्ती/डोलोगाँउ | ६००० | |
| | | किचकवद्ध/विश्वटोल | ७००० | |
| २ | हडिया | घोडामारा हडिया पुल देखि ५०० मि. उत्तर | ५००० | ८००० |
| | | घोडामारा हडिया पुल देखि ५०० मि. दक्षिण | ३००० | |
| ३ | देउनिया | कलवलगुडी पिक्निक स्पोट क्षेत्र | ७५० | १२००० |
| | | कलवलगुडी २ (पश्चिम) | १५०० | |
| | | ईलुवाबारी | २७०० | |
| | | बुधकरण टि स्टेट पश्चिम १ | १५०० | |
| | | बुधकरण टि स्टेट पश्चिम २ | १९५० | |
| | | पृथ्विनगर देवनीय पुल ५०० मि. माथी | १८०० | |
| | | पृथ्विनगर देवनीय पुल ५०० मि. तल | १८०० | |
| ४ | निन्दा | खोदोबारी | ३५०० | ७८७५ |

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुख: ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००५५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०५५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

Scanned by CamScanner

"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:- राजस्व प्र.शाखा ०७५।०७६

| | | | | |
|---|---|---|---|---|
| | | रमनब्रस्ती | ४३७५ | |
| | कुल जम्मा | | | ५३१२५ |

१९)बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

२०)कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय.राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२१)कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगर पालिकालाई रहनेछ ।

२२)शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

२३)यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

२४)रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकार र प्रदेश सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।

२५)नगर अनूगमन तथा समन्वय समिति, भद्रपुर नगरपालिंकाले अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

२६)IEE प्रतिवेदनले तोकेको स्थान/नांकाबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ । उत्खनन/संकलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ । यसरी उत्खनन/संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

**<u>२७)मिन्हा माफी तथा छुट सम्वन्धमा</u>** : यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कूनै किसिमको मिनाहा वा छुट हुने छैन ।

२८)माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार सञ्चालन ऐन, प्रदेश सरकार र नगरपालिकाको आर्थिक ऐन तथा नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा समेत निर्धारित हुनेछन्।

२९)अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

..............
तुलसी बहादुर श्रेष्ठ
(प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००९५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०५५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

Scanned by CamScanner